**ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ०३-२०८२।०८३** **बैठक मिति: २०८२।०६।२९**

**आज मिति २०८२/०६/२९ गतेका दिन यस ब्याँस गाउँपालिका सुन्सेरा दार्चुलाका अध्यक्ष श्री मंगल सिह धामी ज्यूको अध्यक्षतामा ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बसि देहाय बमोजिमका प्रस्तावहरु माथी छलफल गरि निम्न निर्णयहरु गरिए ।**

**तपसिल**

| नाम थर | पद |
|---|---|
| ............ मंगल सिह धामी | अध्यक्ष |
| ............ विनोद सिह कुँवर | सदस्य |
| ............ अशोक सिह बोहरा | सदस्य |
| ............ धिरन सिह बुढाथोकी | सदस्य |
| ............ उपेन्द्र सिह धामी | सदस्य |
| ............ झुन सिह विष्ट | सदस्य |
| ............ बिर सिह धामी | सदस्य |
| ............ राजेन्द्र सिह कुँवर | सदस्य |
| ............ अस्पाल सिह बुढाथोकी | सदस्य |
| ............ आस्मती विसि | सदस्य |
| ............ कलम राम भूल | सदस्य |
| ............ कलावती डडाल | सदस्य |
| ............ धाना देबी बम | सदस्य |
| ............ पुर्णिमा ऐतवाल | सदस्य |
| ............ कृष्णानन्द बडू | सचिव |

**अन्य उपस्थिति**

| | |
|---|---|
| ............ गोपाल सिह विष्ट | लेखा अधिकृत |
| ............ मुकेश सिह कुँवर | खोसुनि |
| ............ नरेन्द्र सिह बडाल | शिक्षा शाखा प्रमुख |
| ............ विरा दत्त भट्ट | स.क.अ |

ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ०३-२०८२।०८३ बैठक मिति: २०८२।०६।२९

प्रस्तावहरु:

१. घरभाडा सम्झौता सम्बन्धमा ।
२. करार कर्मचारी सम्बन्धमा ।
३. कर्मचारी संगठन तथा व्यवस्थापन सम्बन्धमा ।
४. विपद् राहत सम्बन्धमा ।
५. DPR तयार गर्ने सम्बन्धमा ।
६. योजना कार्यान्वयन सम्बन्धमा ।
७. विविध ।

निर्णयहरु:

निर्णय नं १. प्रस्ताव नं १ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाले कार्यालय प्रयोजनका लागि लिएका घरभाडा सम्झौता २०८२ साउन महिना देखि नविकरण गर्ने निर्णय गरियो ।

निर्णय नं २. प्रस्ताव नं २ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका तथा अन्तरगतका कार्यालयहरुमा करार सेवामा कार्यरत केही कर्मचारीहरुको कार्तिक मसान्त देखि करार सेवाको म्याद समाप्त हुने भएकाले अर्को व्यवस्था नभए सम्म तीन महिना सम्मका लागि निवेदन पेश गर्ने कर्मचारीहरुको करार सेवाको म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं ३. प्रस्ताव नं ३ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको कर्मचारी संगठन तथा व्यवस्थापन (O&M) तयार गरि दरवन्दी स्वीकृतिका लागि सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ४. प्रस्ताव नं ४ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकामा वर्षादको समयमा क्षती भई विपद् राहतका लागि निवेदन पेश भएकाले प्राकृतिक विपद् पिडितहरुका लागि आर्थिक सहायता (राहत) वितरण निर्देशिका २०७५ अनुसार तपसिल बमोजिमको राहत रकम विपद् व्यवस्थापन कोष शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम थर | ठेगाना | क्षतिको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | फुन्चे सिह धामी | ब्याँस ३ | घर जोखिम | १५,००० | |
| २ | महिमन सिह कुँवर | ब्याँस ३ | आगन भत्किएको | ५,००० | |
| ३ | पुष्पा कुँवर | ब्याँस ३ | आगन भत्किएको | ५,००० | |
| ४ | धन सिह धामी | ब्याँस ५ | घरमा आगलागी | २५,००० | |
| ५ | धन सिह धामी | ब्याँस ५ | आगन भत्किएको | ५,००० | |

निर्णय नं ५. प्रस्ताव नं ५ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरग तपसिल बमोजिमका योजनाहरु सञ्चालन गर्न अति आवश्यक रहेको हुँदा सेवा तथा परामर्श शिर्षकबाट खर्च गर्ने गरि तपसिल बमोजिमका योजनाहरुको विस्तृत योजना अध्ययन प्रतिवेदन ( DPR) निर्माणको प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

१. डोकट लिफ्टिङ खानेपानी आयोजना ब्याँस ४

२. पर्यटन आवास गृह तिंकर ब्याँस गाउँपालिका वडा नं १

३. ब्याँस गाउँपालिका वडा नं १ को सम्पर्क कार्यालय खलंगा

४. कैलाशपति आधारभूत विद्यालय ब्याँस १ छाङरु

५. दुम्लिङ्ग घट्टेखोला तटबन्ध निर्माण ब्याँस २

६. सिना तटबन्ध निर्माण ब्याँस ३

७. दम्फा देखि सगरचौरा पदमार्ग निर्माण ब्याँस ४

निर्णय नं ६. प्रस्ताव नं ६ माथी छलफल गर्दा नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ११६, मिति २०८२।०६।०७ गतेको निर्णय कार्यान्वयन गराउने सम्बन्धी परिपत्र अनुसार रु दश लाख भन्दा माथीका आयोजना/योजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने/नगराउने निर्णय गरियो।

निर्णय नं ७. प्रस्ताव नं ७ (क) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ३ सिना जोड्ने ग्रामिण सडक वर्षादमा अवरुद्ध भएको र वडा कार्यालयको समन्वयमा खुलाउने कार्य गरिएको हुँदा वडा कार्यालयबाट डोर हाजिरि प्रमाणितका आधारमा बाटो खोल्ने काम गर्ने श्रमिकहरुलाई विपद् व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं ८. प्रस्ताव नं ७ (ख) माथी छलफल गर्दा साविक जिल्ला विकास समितिबाट यस गाउँपालिकामा हस्तान्तरण गरिएका सामाजिक परिचालक कर्मचारीहरुको कार्यालय सहायक चौथो तह/सामाजिक परिचालक पदनाम दिने निर्णय गरियो।

निर्णय नं ९. प्रस्ताव नं ७ (ग) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाबाट युनाइटेड ब्याँसको नामबाट दुँहु गाउँपालिका वडा नं ४ फारा र महाकाली नगरपालिका वडा नं ३ मा सञ्चालन भएको क्रिकेट प्रतियोगितामा भाग लिनका लागि यस गाउँपालिकाबाट खेलाडी सहभागि गराइएकाले उक्त क्रिकेट खेल खेल्दा भएको खर्च तथा पुजा सामग्री खरिद वापतको खर्च विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं | फर्मको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | वडाल कम्प्लेक्स | २२,५०० | |
| २ | फारा टिम दर्ता शुल्क | ८,००० | |
| ३ | साकार टिम दर्ता शुल्क | ८,५०० | |
| ४ | मालिकार्जुन पुजा सामग्रि एण्ड वर्तन भण्डार | १७,५०० | |

निर्णय नं १०. प्रस्ताव नं ७ (घ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।०६।०५ गतेको बैठकको निर्णय नं २ अनुसारका स्थानीय सडक स्तरोन्नतिका लागि कोटेशन प्रकृया मार्फत कार्य अघि बढाउने निर्णय गरियो।

निर्णय नं ११. प्रस्ताव नं ७ (ङ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाका विभिन्न वडा अन्तरगत रहेका मन्दिरहरुमा दशैतिहारको समयमा लाग्ने जात्रा व्यवस्थापन कार्य गरिएको हुँदा प्रत्येक वडाहरुलाई पेश गरेका कागजातका आधारमा विस/विस हजारको सिमाभित्र रही विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १२. प्रस्ताव नं ७ (च) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ३ सिना जोड्ने ग्रामिण सडकलाई वर्षादको समयमा विभिन्न समयमा खुलाउने कार्य गरिएको हुँदा वडा कार्यालयले डोर हाजिरि प्रमाणित गरेको आधारमा विपद् व्यस्थापन कोष शिर्षकबाट सम्बन्धित श्रमिकहरुलाई रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १३. प्रस्ताव नं ७ (छ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२।०५।०५ गतेको बैठकको निर्णय नं ८ अनुसार तीन लाख रकम विनियोजन गरि अवरुद्ध रहेको **छाङरु देखि तिंकर जोड्ने पैदल मार्ग** खुलाउने निर्णय गरिएकोमा तीन लाख रकमबाट उक्त कार्य पुरा हुने नदेखिएकाले विपद् व्यवस्थापन कोष शिर्षकबाट रु एक लाख पचास हजार रकम थप विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १४. प्रस्ताव नं ७ (ज) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ४ **गल्था हुदै चेडखोला जाने पैदलमार्ग** वर्षादको समयमा अवरुद्ध रहेको हुँदा सो बाटो खुलाउन विपद् व्यवस्थापन कोष शिर्षकबाट रु ५०,००० अक्षेरेपी पचास हजार रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १५. प्रस्ताव नं ७ (झ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको कार्यालयमा औषधि उपचार खर्च सहयोगका लागि पेश भएका निवेदनहरु मध्ये तपसिल बमोजिमका स्थानीयहरुलाई तपसिल बमोजिम औषधि उपचार खर्च शिर्षकबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं | नाम थर | ठेगाना | रोगको किसिम | रकम | कै |
|---|---|---|---|---|---|
| १ | गणेश बहादुर बम | ब्याँस ५ | Peripheral arterial disease | २०,००० | |
| २ | उपेन्द्र सिह धामी | ब्याँस ६ | फोक्सोको अप्रेसन | २०,००० | |

निर्णय नं १६. प्रस्ताव नं ७ (ञ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको गाउँसभा बैठक कार्तिक मसान्तको अन्तिम हप्ता बोलाउने निर्णय गरियो ।